उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२९

पत्र सख्या:-०७७/०७८
चलानी नं:-

मिति: २०७७/०५/३०

## ढुंगा गिटि बालुवाको विक्रिका लागी सिलवन्दि दरभाउपत्र आव्हान सम्वन्धि सूचना ।।।

### प्रथम पटक प्रकाशित मिति: २०७७/०५/३०

स्थानीय सरकारसंचालन ऐन २०७४ को दफा ६२ (क) र उमाकुण्ड गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा १७ मा भएको व्यवस्था बमोजम तपशिलमा उल्लेखित नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि सिलवन्दि दरभाउ पत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१.लिखु नदिको बाम्ति-कुवुकाँस्थली खण्ड

| सि.नं | दरभाउपत्र नं | दरभाउपत्रको नाम | उत्खनन परिणाम (घनफिट) | न्युनतम दरभाउपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटि रकम | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | ०१. ०७७/०७८ | उमाकुण्ड गाउँपालिकाको ढुंगा, गिटि, बालुवाको विक्रिका लागी सिलवन्दि दरभाउपत्र | ८७७७७.७८ | ७०,००००/ | कवोल अंकको ३ प्रतिसतले हुन आउने रकम | रु १,०००/ |

२.लिखु नदिको प्रिति ५ देखि भुजी खण्ड

| सि.नं. | दरभाउपत्र नं | दरभाउपत्रको नाम | उत्खनन परिणाम (घनफिट) | न्युनतम बोलपत्र रकम(सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटि रकम | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | ०२. ०७७/०७८ | उमाकुण्ड गाउँपालिकाको ढुंगा, गिटि, बालुवाको विक्रिका लागी सिलवन्दि दरभाउपत्र | ८७७७७.७८ | ७०,००००/ | कवोल अंकको ३ प्रतिसतले हुन आउने रकम | रु १,०००/ |

शर्तहरु:

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फाराम दस्तुर गाउँपालिकाको सनराईज बैंकमा रहेको आन्तरिक राजश्व खाता नं ०९६०५६८५७७७०३००६ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरि यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको दरभाउपत्र दस्तुर बुझाएको भौचरलाई दरभाउपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सो लगतै पछि कार्यालय खुल्ने समयमा उल्लेखित कार्य हुनेछ ।

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२९

पत्र सङ्ख्या:-०७७/०७८
चलानी नं:-

मिति:२०७७/०५/३०

२.दरभाउपत्र सम्वन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ३ प्रतिसतको दरले हुन आउने धरौटी रकम यस गाउँपालिकाको सनराईज बैंकमा रहेको धरौटि खाता नं ०९६०५६८५७७७०३००३ मा जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत पत्र प्राप्त क बर्गको बैंकबाट यस गाउँपालिकाको नाममा बोलपत्र नं र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारि गरिएको विड वण्ड सिलवन्दि खाम सहित पेश गर्नुपर्नेछ ।

३.खरिद गरिएका दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरि दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरि सिलवन्दि गरि खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण प्रोपाइटरको नाम, ठेगाना, मोवाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिको १६ औ दिनको १२ बजे भित्र गाउँपालिकामा हार्ड कपि दर्ता गर्नु पर्नेछ ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपुर्वक पर्न आएका दरभाउपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको ०२ बजे देखि कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । साथै दरभाउपत्र दाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन विदा परेमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५.प्रि-विड बैठक यो सूचना प्रकाशित भएको मितिले ९ औ दिन दिनको ०२ बजे उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक दरभाउपत्र दाताले उक्त बैठकमा भाग लिइ यस सम्वन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नुहुनेछ ।उक्त दिन विदा परेमा सो बैठक भोलिपल्ट सोही समयमा हुनेछ ।

६.दरभाउपत्र सम्वन्धि विस्तृत जानकारी दरभाउपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका दरभाउपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुनेछैन । दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सूचनामा उल्लेख नभएको अन्य विषयहरु कानुन बमोजिम हुनेछ ।

.....................................
श्री ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत